कार्यपालिकाबाट स्वीकृत मितिः

प्रमाणिकरण मितिः २०७७/१२/०२

# सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधी २०७७

**इटहरी उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सुनसरी, १ नं. प्रदेश, नेपाल**

# सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधी २०७७

प्रस्तावनाः **उपमहानगरपालिकाको बार्षिक बजेट निति कार्यक्रम र विनियोजन ऐनमा भएको वजेट व्यवस्थको कार्यन्वयनका गर्न बाञ्छनीय भएकोले,**

**इटहरी उपमहानगरपालिकाको विनियोजन ऐन २०७६ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नगर सहकारी समितिले यो कार्यविधी बनाएको छ ।**

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "सहकारी संस्थालाई अनुदान प्रदान गर्ने निर्देशिका २०७७" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "आयोजना" भन्नाले दफा ३ को उपदफा (३) बमोजिम संस्थाले सञ्चालन गर्न प्रस्ताव गरेको आयोजना सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले इटहरी उपमहानगरपालिकाको सहकारी ऐन २०७५ सम्झनु पर्दछ ।

(घ ) "नगर" भन्नाले इटहरी उपमहानगरपालिका लाई सम्झनु पर्दछ ।

(ङ) "प्रस्ताव मुल्याङ्कन समिति" भन्नाले दफा १३ को उपदफा १ बमोजिमको प्रस्ताव मुल्याङ्कन समिति सम्झनु पर्दछ ।

(च) "मुख्य कारोवार" भन्नाले संस्थाले सञ्चालन गरेका व्यवसायिक क्रियाकलापहरु मत्तये कुल बार्षिक कारोवारको ३० प्रतिशत भन्दा बढी हिस्सा भएको कारोवार सम्झनु पर्दछ ।

(छ) "विनियम" भन्नाले सहकारी संस्थाको विनियम सम्झनु पर्दछ ।

(ज) "सहकारी खेती" भन्नाले संस्थाले बहुबर्षीय रुपमा भूमिको व्यवस्था गरी आफ्ना सदस्यहरु प्रत्यक्ष संलग्न गराएर सामुहिक वा व्यक्तिगत जोखिममा सञ्चालन गर्ने खेतीपाती सम्झनु पर्छ र सो शव्दले त्यसरी सामुहीक जोखिममा गरिने पशुपालन, माछापालन, रेशमखेती, मौरीपालन, कुखुरापालन जस्ता व्यवसायलाई समेत सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले संस्थाको सञ्चालक समिति सम्झनु पर्दछ ।

(ञ) "साधारण सभा" भन्नाले संस्थाको साधारण सभा सम्झनु पर्दछ ।

(ट) "सीमान्तकृत समुदाय" भन्नाले दलित र पिछडिएको अल्पसंख्यक जनजाति समुदाय सम्झनु पर्दछ र सो शब्दले अपाङ्गता भएका व्यक्तिहरुलाई समेत जनाउँछ ।

(ठ) "संस्था" भन्नाले सहकारी संस्था सम्झनु पर्छ ।

(ङ) “नगर सहकारी समिति” भन्नाले ऐनको दफा ३ बमोजिमको समिति सम्झनु पर्दछ ।

परिच्छेद-२

## अनुदान सम्वन्धी व्यवस्था

३. अनुदान दिन सक्ने :(१) **इटहरी उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने** संस्थाको आयोजना सञ्चालन गर्न इटहरी उपमहानगरपालिकाले सहकारी संस्थालाई देहाय बमोजिमको अनुदान दिन सक्नेछ :-

(क) बीउ पुँजी अनुदान,

(ख) पुँजीगत अनुदान ।

(२) उपदफा (१) बमोजिम प्रत्येक वर्ष प्रदान गरिने रकमको अधिकतम सीमा स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम हुनेछ ।

(क) श्रमिक , भूमिहिन कृषक, सीमान्तकृत समुदाय सम्मिलित सहकारी संस्थाले आफ्ना सदस्यलाई सामुहिक वा व्यक्तिगत रुपमा वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारीका अवसर दिलाउने आयोजना,

(ख) कृषि सहकारी संस्थाले दिर्घकालिन रुपमा भूमिको व्यवस्था गरी सदस्यलाई संलग्न गराई सञ्चालन गर्ने सहकारी खेतीका आयोजना,

(ग) कृषि सहकारी संस्थाले आफ्ना सदस्यहरुको उपज सङ्कलन, सञ्चय, प्रसोधन तथा बजारीकरण गर्ने सम्वन्धी आयोजना,

(घ) आम उपभोक्ताका सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई अत्याबश्यक दैनिक उपभोग्य बस्तुहरु विक्रि वितरण गर्ने आयोजना र

(ङ) विषयसँग सम्वन्धित सहकारी संस्थाले सङ्गठित भई सामुहिक रुपमा सञ्चालन गर्ने शीतघर, श्रोत केन्द्र, थोक बजार, यातायात, स्वास्थ्य सेवा, जलविद्युत, भारी उपकरण, कृषि औजार कारखाना लगायतका साझा उपयोगका आयोजना

४. बीउ पुँजी अनुदान प्रदान गर्न सक्ने : (१) नगरले संस्थालाई दफा ३ को उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिमको आयोजना सञ्चालन गर्न बीउ पुँजी अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदाफा (१) बमोजिम विउ पुँजी अनुदान उपलब्ध गराउँदा संस्थाको प्रत्यक्ष रोजगार पाउने सदस्य संख्याको आधारमा प्रति सदस्य तीस हजार वा कुल सातलाख पचास हजार रुपैयामा जुन घटी हुन्छ सो रकमको माथिल्लो सीमा कायम गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि महिला मात्र सम्मिलित संस्थाको हकमा प्रति सदस्य पैतालिस हजार रुपैयाँ वा कुल नौ लाख रुपैयाँ जुन घटी हुन्छ सो रकमको माथिल्लो सीमा कायम गर्नुपर्दछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक पटक बीउ पुँजी अनुदान उपलब्ध गराइएको संस्थालाई आयोजना विस्तार गरी थप स्वरोजगारी दिलाउने अवस्थामा दुइ बर्ष पछि उपदफा (२) वा (३) बमोजिम सिमामा नबढाई बीउ पुँजी अनुदान प्रदान गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम उपलब्ध गराइएको बीउपुँजी अनुदान संस्थाले आफ्नो जगेडा कोषमा राखी आयोजनाको उद्देश्य बमोजिम स्थिर वा कार्यशील पुँजीका साथै व्यवसाय सञ्चालन खर्च व्यहार्ने गरी उपयोग गर्न सक्नेछ ।

५. पुँजीगत अनुदान प्रदान गर्न सक्ने :-(१) दफा (२) को खण्ड (क), (ख),(ग), (घ) र (ङ) मा उल्लिखित आयोजना सञ्चालन गर्न नगरले संस्थालाई देहाय बमोजिम पुँजीगत अनुदान प्रदान गर्न सक्नेछ :

(क) अनुसुची १ मा उल्लेखित ग्रामीण क्षेत्रका लागि कुल स्थीर पुँजी आवश्यकताको असी प्रतिशत सम्म ।

(ख) अन्य क्षेत्रको हकमा कुल स्थीर पुँजी आवश्यकताको साठी प्रतिशत सम्म ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला मात्र सम्मिलित संस्थाद्वारा सञ्चालित आयोजनाको हकमा उपदफा (१) को खण्ड (क) बमोजिमको क्षेत्रमा पन्चानव्वे प्रतिशत सम्म र खण्ड .(ख) बमोजिमको क्षेत्रमा पचहत्तर प्रतिशत सम्म पुँजीगत अनुदान प्रदान गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम कार्यान्वयन गर्ने एक वर्ष भन्दा बढी अवधी लाग्ने प्रकृतिका आयोजना बहुबर्षीय रुपमा स्वीकृत गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृत गरिने बहुबर्षीय आयोजनाको अवधि प्रदान गरिने वित्तीय अनुदानको भुक्तानी र तत्सम्वन्धि अन्य शर्तहरु आयोजनाको प्रकृति हेरी नगर सहकारी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) यस दफा बमोजिम प्रदान गरिएको पुँजीगत अनुदान संस्थाको जगेडा कोषमा राखी आयोजनाको पुँजीगत खर्चमा उपयोग गर्नु पर्नेछ ।

६. कार्यक्रम अनुदान प्रदान गर्न सक्ने :(१) रष्ट्रिय, केन्द्रीय, प्रदेश वा जिल्ला तहका सहकारी संघहरु वा नगर क्षेत्र भित्र कार्यरत ति संघका प्रतिनिधीमुलक संघ, संस्थालाई बार्षिक बजेटमा समावेश गरी कार्यक्रम सञ्चालन अनुदान उपलब्ध गराउन सकिनेछ ।

७.सदस्य केन्द्रित भइ व्यवसाय सञ्चालन गर्नु पर्ने :(१) यस निर्देशिका बमोजिम अनुदान प्राप्त गर्ने संस्थाले सम्भव भए सम्म देहाय बमोजिम सदस्य केन्द्रित व्यवसाय सञ्चालन गर्नु पर्नेछ :-

(क) उत्पादन मुलक संस्थाले सदस्यहरुको मात्र उपज खरिद गर्नुपर्ने,

.(ख) उपभोक्ता संस्थाले सदस्यलाई आवश्यक बस्तु वा सेवा विक्रि गर्नुपर्ने,

(ग) रोजगारी मुलक संस्थाले सदस्यहरुलाई मात्र रोजगारी दिनुपर्ने,

(२) यातायात र स्वास्थ्य सेवाका आयोजनाको हकमा यो दफा लागु हुने छैन ।

८. अनुदान उपलव्ध नगराइने : (१) दफा ४, ५ र ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा संस्थालाई अनुदान उपलव्ध गराइने छैन -

(क) बार्षिक साधारण सभा सम्पन्न नगरेको,

(ख) सञ्चालक समिति र लेखा समितिको नियमित रुपमा निर्वाचन नगरेको,

(ग) नियमित रुपमा बार्षिक लेखा परिक्षण नगराएको,

(घ) लेखा समितिको वार्षिक प्रतिवेदन पेश नभएको,

(ङ) अघिल्ला बर्षहरुमा प्राप्त गरेको अनुदान सदुपयोग नगरेको,

(च) कार्यक्षेत्र भन्दा बाहिर गई कारोवार सञ्चालन गरेको,

(छ) कर चुक्ता प्रमाण पत्र नभएको,

(ज) गैर सदस्य सँग कारोबार गरेको ।

(२) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले बीउपुँजी अनुदान र पुँजीगत अनुदान प्राप्त गर्न सक्ने छैन ।

९. सूचना प्रकाशन गर्ने : (१) प्रत्येक आर्थिक बर्षको पौष मसान्त भित्र शाखाले नगर सहकारी समितिबाट तय भए बमोजिम वित्तीय अनुदानका लागि आयोजना पेश गर्न कुनै राष्ट्रिय वा स्थानिय स्तरका पत्रिकामा पन्ध्र दिनको अवधि दिइ सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिमको सुचना नगरको वेव साइटमा समेत राख्नु पर्नेछ ।

१०. सोझै प्रस्ताव लिन सकिने : दफा ९ मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ मा उल्लिखित बार्षिक बजेट र कार्यक्रममा समावेश भएका कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि शाखाले १५ दिनको समय दिइ सोझै प्रस्ताव माग गर्न सक्नेछ ।

११. दरखास्त पेश गर्नुपर्ने : यस निर्देशिका बमोजिम अनुदान प्राप्त गर्न चाहने संस्थाले देहायका कागजात तथा विवरण संलग्न गरी दफा ९ बमोजिम प्रकाशित सूचनामा दिएको अवधि भित्र अनुसुची २ बमोजिमको ढाँचामा कार्यलया दरखास्त दिनु पर्नेछ :-

**(क) इटहरी उपमहानगरपालिकामा सूचिकृत भएको हुनुपर्ने,**

(ख) संस्थाको विनियमको प्रतिलिपी

(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) कर चुक्ता प्रमाण पत्र,

(ङ) आयोजनाको प्रस्ताव,

(च) साधारण सभा वा सञ्चालक समितिबाट अयोजना स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी,

(छ) सञ्चालक समितिका पदाधिकारीहरुको नाम, ठेगाना र सम्पर्क टेलिफोन नं. खुलेको विवरण,

(ज) दश लाख रुपैया भन्दा माथिको कुल लागत भएको आयोजना भए विस्तृत संभाव्यता अध्ययन प्रतिवेदन र सो भन्दा कम कुल लागत भएको आयोजना भए पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन,

(झ) जग्गा प्राप्त गर्नुपर्नेमा प्राप्तिको भरपर्दो व्यवस्था खुल्ने कागजात,

(ञ) आयोजनाका लागि संस्थाको तर्फबाट परिचालन गरिने पुँजीको श्रोत खुलेको कागजात,

(ट) अनुसूची ३ बमाजिमको विवरण,

**(ठ) नियमित साधारण सभा भएको प्रमाण कागजात ।**

१२.प्रारभ्भिक छानविन गर्ने : (१) दफा ११ बमोजिम प्राप्त दरखास्त उपर शाखाले प्रारभ्भिक छानविन गर्नेछ ।

(२) उपदफा (१)  बमोजिम छानबिन गर्दा सम्वन्धित शाखाले अनुसूची ४ बमोजिमको प्रारम्भिक जाँचसूचीको आधारमा शाखामा उपलब्ध अभिलेख भिडाउनुका साथै स्थलगत निरिक्षण समेत गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा उपदफा (२) बमोजिमको जाँच सूची मध्ये कुनैमा असफल भएको पाइएमा सम्वन्धित कार्यालयले त्यस्तो दरखास्त स्वीकृत नहुने व्यहोराको जानकारी सम्वन्धित संस्थालाई गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम छानविन गर्दा यस निर्देशिका बमोजिम अनुदान उपलब्ध गराउन मिल्ने देखिएमा सम्बन्धित कार्यालयले उपदफा (२) बमोजिमको जाँच सूची सहित छनौट कार्यक्रम तथा बजेट समेत प्रस्ताव गरी अनुदान उपलब्ध गराउन नगर सहकारी समितिमा सिफारिस गर्नुपर्ने छ ।

(५) दरखास्त छानविन सिलसिलामा आवश्यक अन्य कुरा नगर सहकारी समितिले तोके बमोजिम हुनेछ ।

१३. प्रस्तावको मूल्याङ्कन गर्ने : (१) दफा १२ को उपदफा (४) बमोजिम प्राप्त प्रस्तावको मुल्याङ्कन गरी सिफारिस गर्न देहाय बमोजिमको प्रस्ताव मुल्याङ्कन समिति रहने छ :-

(क) प्रमुख : सहकारी शाखा संयोजक

(ख) प्रतिनिधी : कृषि विकास शाखा सदस्य

(ग) प्रतिनिधी : पशु विकास शाखा सदस्य

(घ) प्रतिनिधी : नगर प्रमुखको सचिवालय सदस्य

(ङ) सहकारी शाखाको पाँचौ तहको कर्मचारी सदस्य सचिव

(२) मूल्याङ्कन प्रयोजनका लागि शाखाले दफा ९ बमोजिमको सूचनाको म्याद भित्र शाखामा दर्ता भई दफा १२ को उपदफा (४) बमोजिम सिफारिस गरी पठाइएका सबै दरखास्तहरु प्राप्त भएको सुनिश्चित गर्नु पर्नेछ ।

(३) मुल्याङ्कन गर्दा प्रस्ताव मूल्याङ्ककन समितिले दफा ३ को उपदफा (२) बमोजिमको आधारमा मुल्याङ्कन गरी अंक प्रदान गर्नुपर्नेछ ।

१४. आयोजना प्रस्तावको स्वीकृति : (१) दफा १३ बमोजिम प्रस्ताव मुल्याङ्कन समितिबाट सिफारिस भएको प्रस्ताव स्वीकृतिका लागि सहकारी शाखा प्रमुखले नगर सहकारी समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त आयोजना प्रस्तावमा विचार गरी नगर सहकारी समितिले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वीकृतिका लागि प्राप्त आयोजना प्रस्ताव यस निर्देशिका बमोजिम भएको नदेखिएमा नगर सहकारी समितिले देहाय बमोजिम गर्नेछ :-

(क) तात्विक प्रकृयागत वा अन्य त्रुटि देखिएकोमा पुनः मूल्याङ्कनका लागि कुनै वा सबै प्रस्ताव मूल्याङ्कन समितिमा फिर्ता पठाउने, वा

(ख) नगर सहकारी समितिबाट उपसमिति बनाई पनुरावलोकन गराउने ।

(४) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नगर सहकारी समितिले आवश्यक देखेको उपयुक्त आयोजनालाई कुनै शर्त, बन्देज तोकी प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

१५. नगर सहकारी समिति : (१) यस निर्देशिका बमोजिम आयोजना प्रस्तावहरुको स्वीकृति तथा तत् सम्वन्धमा आवश्यक निर्देशन एवं समन्वय ऐनको दफा ३ बमोजिम गठीत नगर सहकारी समितिले गर्नेछ ।

(२) नगर सहकारी समितिले आफ्नो कार्यविधी आफै बनाउन सक्नेछ ।

(३) नगर सहकारी समितिले अनुदान प्रदान गर्ने सम्वन्धमा आवश्यक सर्त निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद-४

## कार्यान्वयन, अनुगमन र मुल्याङ्कन

१६. जानकारी दिनुपर्ने : (१) दफा १४ को उपदफा (२) बमोजिम नगर सहकारी समितिबाट आयोजना प्रस्ताब स्वीकृत भएको विवरण प्राप्त भएपछि शाखाले सम्वन्धित संस्थालाई सोको जानकारी दिनु पर्नेछ । त्यसरी आयोजना प्रस्ताव स्वीकृत भएको सूचना नगरको बेवसाइटमा समेत राख्नु पर्नेछ ।

(२) उपदफा (२) बमोजिम जानकारी गराउँदा कम्तीमा पन्ध्र दिनको समय दिइ सम्झौता गर्न आउने म्याद समेत खुलाउनु पर्नेछ ।

तर कुनै विशेष अवस्था परी केही दिन ढिलो भए तापनि सम्झौता गर्ने तर शाखाका कर्मचारी लाई सो विशेष परिस्थिति परेको भन्ने आधार मुनासिब लागेमा **थप १५ दिन भित्र** सम्झौता गर्न बाधा पर्ने छैन ।

१७. सम्झौता गर्नुपर्ने : यस निर्देशिका बमोजिम संस्थालाई अनुदान प्रदान गर्दा शाखाले **अनुसुची ६ बमोजिमको** ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

१८. भुक्तानी विधी : (१) यस निर्देशिका बमोजिम संस्थालाई उपलब्ध गराइने वित्तीय अनुदानको रकम देहाय बमोजिम भुक्तानी गर्न सकिनेछ :-

(क) सम्झौता भएपछि पचास प्रतिशत सम्म र

(ख) खण्ड (क) बमोजिम प्राप्त रकमको खर्चको फाँटवारी र निर्माण कार्यको हकमा रनिङ विल सहितको अन्तरिम प्रतिवेदन प्राप्त भएपछि बाँकी रकम ।

(२) उपदफा (१) मा जनसुकै कुरा लेखिएको भए तापनि संस्थाले आयोजना सञ्चालन गर्दा आवश्यक पूर्व तयारी पूरा गर्नुपर्नेमा त्यस्तो पुरा नगरे सम्म र नगर सहकारी समितिले दफा १४ को उपदफा (४) बमोजिम कुनै सर्त, बन्देज तोकेकोमा त्यस्तो सर्त, बन्देज पालना नगरे सम्म कुनै पनि रकम प्रदान गरिने छैन ।

१९. सार्वजनिक खरिद ऐन लागु हुने : यस निर्देशिका बमोजिम संस्थाले प्राप्त गर्ने अनुदानको रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिमको प्रक्रिया पुरा गर्नुपर्नेछ ।

२०. वित्तीय अनुदानको सदुपयोग गर्नुपर्ने : (१) संस्थाले वित्तीय अनुदानको रकम दफा ४, ५ र ६ बमोजिम आफ्नो खातामा आम्दानी बाँधी जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनमा मात्र उपयोग गर्नुपर्नेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिम आम्दानी बाँधिएको वित्तीय अनुदानको रकमको उपयोग खुल्ने गरी स्रेस्ता राखी अद्यावधीक गर्नुपर्नेछ ।

२१. प्रतिवेदन दिनुपर्ने : संस्थाले यस निर्देशिका बमोजिम प्राप्त गरेको वित्तीय अनुदानबाट सम्पन्न गरेको कार्य, खर्च र प्रतिफल सहितको विवरण देहायको अवधि भित्र शाखामा पेश गर्नुपर्नेछ :

(क) पहिलो अन्तरिम प्रतिवेदन दोस्रो किस्ता लिनु अगावै,

( (ख) बार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको तीस दिन भित्र र

(ग) आयोजनाको प्रतिफल र उपलब्धी सहितको अन्तिम प्रतिवेदन आयोजना सम्पन्न भएको एक बर्ष भित्र ।

२२. अनुगमन गर्नुपर्ने : (१) शाखाले यस निर्देशिका बमोजिम अनुदान प्रदान गरिएका आयोजनाको नियमित रुपमा अनुगमन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम शाखाबाट हुने अनुगमनका अतिरिक्त आवश्यकता अनुसार नगर सहकारी समितिले समेत अनुगमन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको प्रतिवेदन माथि नगर सहकारी समितिको बैठकमा छलफल हुनेछ ।

(४) उपदफा १ र २ बमोजिम गरिने अनुगमनको कार्यमा संस्थाले आवश्यक सहयोग गर्नुपर्नेछ ।

२३. अनुदान रोक्का गर्न सक्ने : (१) दफा २२ बमोजिम अनुगमन गर्दा संस्थाले प्राप्त वित्तीय अनुदानको सदुपयोग गरेको वा सम्झौताको कुनै सर्त पालना गरेको नपाइएमा अनुगमन प्रतिवेदनको सिफारिसको आधारमा शाखा वा नगर सहकारी समितिले मुनासिव समय दिइ देहाय बमोजिम गर्न सक्नेछ :-

(क)उपयोग नगरेको रकम वा खरिद भएको उपकरणको उपयोग गर्न लगाउने,

(ख) अधुरो निर्माण कार्य सुचारु गर्न लगाउने र

(ग) सम्झौताको शर्त पालना नभएकोमा पालना गर्न लगाउने ।

(२) उपदफा (१) बमोजिम दिइएको समय भित्र संस्थाले आवश्यक सुधार नगरेमा शाखा वा नगर सहकारी समितिले आवश्यक सुधार गरेपछि फुकुवा गर्ने गरी बाँकी किस्ताको भुक्तानी रोक्का राख्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम शाखाले किस्ता रोक्का राखेको वा फुकुवाको जानकारी नगर सहकारी समितिलाई गराउनु पर्नेछ ।

२४. असुल उपर गरिने : दफा २२ बमोजिम अनुगमन गर्दा यस निर्देशिका बमोजिम संस्थालाई प्रदान गरिएको वित्तीय अनुदानको रकम कुनै किसिमले दुरुपयोग गरिएको पाइएमा त्यस्तो रकम दुरुपयोग गर्ने संस्थाका सदस्य तथा पदाधिकारीको घर घरानाबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

२५. सफाइ पेश गर्ने मौका दिनुपर्ने : दफा २३ बमोजिम अनुदान रोक्का राख्नुपर्दा वा दफा २४ बमोजिम रकम असुल उपर गर्नुपर्दाको अवस्थामा सम्वन्धित संस्थालाई सफाइ पेश गर्ने मुनासिब माफिकको समय दिनुपर्नेछ ।

२६. वित्तीय अनुदानको लेखा परीक्षण : (१) संस्थाले यस निर्देशिका बमोजिम प्राप्त वित्तीय अनुदानको लेखापरीक्षण ऐन मा व्यवस्था भए बमोजिम गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गराउने प्रयोजनका लागि संस्थाले प्राप्त रकमको स्रेस्ता तथा बिल भरपाइहरु यस निर्देशिका बमोजिम अलग्गै रुपमा सुरक्षित राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदन संस्थाले साधारण सभावाट स्वीकृत भएपछि शाखामा पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम सम्पन्न लेखापरीक्षण त्रुटीपूर्ण रहेको भनी उजुरी परेमा शाखाले तत्सम्बन्धमा छानविन गरी संस्थालाई पुनः लेखापरिक्षण गराउन निर्देशन दिन सक्नेछ ।

परिच्छेद ५

विविध

२७. साधारण सभालाई जनाकारी गराउनु पर्ने : यस निर्देशिका बमोजिम अनुदान प्राप्त भए पछि संस्थाले लगतै बस्ने साधारण सभामा सोको सम्पूर्ण विवरण सहित जानकारी गराउनु पर्नेछ ।

२८.वडासँगको सम्वन्ध : (१) शाखाले यस निर्देशिका बमोजिम स्वीकृत भएको वित्तीय अनुदानको रकम र प्रयोजन समेत खोली त्यस्तो अनुदान प्राप्त गर्ने संस्थाको विवरण सहित सम्वन्धित वडालाई उपलव्ध गारउनु पर्नेछ ।

(२) संस्थाले दफा २१ बमोजिम कार्यालयमा पेश गर्ने प्रतिवेदनको एक प्रति सम्वन्धित वडामा समेत पठाउनु पर्नेछ ।

(३) सम्वन्धित वडाले उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन समेतका आधारमा संस्थाले सञ्चालन गरेको आयोजनाको नियमित अनुगमन र कार्यान्वयनमा समन्वय गर्नुपर्नेछ ।

(४) अनुदान प्राप्त गर्ने संस्थाहरुले प्राप्त अनुदान बाट गरेका कार्यहरु बार्षिक साधारण सभाबाट अनुमोदन गरी सोको एक प्रति शाखामा समेत उपलब्ध गराउनु पर्नेछ ।

२९. विवरण सार्वजनिक गर्नुपर्ने :(१) संस्थाले नेपाल सरकारबाट प्राप्त गरेको वित्तीय अनुदानको प्रयोजन समेत खुल्ने विवरण र खर्चको फाँटवारी आयोजनास्थल वा संस्थाको कार्यालयमा सर्वसाधारणको जाानकारीका लागि प्रस्टसँग पढ्न सकिने गरी सूचना पाटीमा लेखी सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा(१) बमोजिम सार्वजनिक गरिने विवणमा आयोजनाको स्वीकृत प्रस्ताव बमोजिम नगरको साथै संस्थाको प्रयोजनगत योगदान र अद्यावधिक सर्तका महलहरु राख्नु पर्नेछ ।

३०. प्रवर्द्धन वा पुनः सञ्चालनका लागि अनुदान दिन सकिने :(१)यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि इटहरी उपमहानगरपालिकाको विशेष प्राथमिकताको लक्षित कार्यक्रम अन्तर्गत प्रवर्द्धन गरिने संस्थाका साथै पुराना साझा ( सहकारी ) संस्थाको सम्पत्तिको संरक्षण र उपयोग गरी पुनः सञ्चालन गर्ने सिलसिलामा स्वीकृत बार्षिक कार्यक्रममा व्यवस्था गरी आवश्यक अनुदान प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१( बमोजिम प्रदान गरिने अनुदानको रकम र प्रयोजन स्वीकृत बार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्रदान गरिने अनुदानका सम्वन्धमा अन्य व्यवस्था नगर सहकारी समितिले तोके बमोजिम हुनेछ।

३१. प्रतिवेदन प्रकाशन गर्नुपर्ने : शाखाले यस निर्देशिका बमोजिम प्रदान गरिएको वित्तीय अनुदानको प्रतिफल समेत झल्कने गरी बार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ।

३२. व्याख्या गर्ने अधिकार : यस निर्देशिकाको कार्यान्वयनका सिलसिलामा कुनै प्रावधानमा द्विविधा उत्पन्न भएमा निर्देशिकाको भावना र मर्मको प्रतिकुल नहुने गरी नगर सहकारी समितिले व्याख्या गर्न सक्नेछ।

३३. खारेजी र बचाउ : इटहरी उपमहानगरपालिकावाट यस अघि सहकारी संस्थाहरुलाई उपलव्ध गराइएको अनुदान यसै निर्देशिका बमोजिम उपलव्ध गराएको मानिने छ।

अनुसुची १

( दफा ५ को उपदफा १ खण्ड क सँग सम्वन्धित )

१. वडा नं १ -आँपगाछी र वडा कार्यालय आसपासका क्षेत्र बाहेकका सबै क्षेत्र

२. वडा नं. ३- खोक्ल्याङ टापु, खोर्साने खाप, सुनौलो बस्ती, तामाङ टोल, सुकुम्वासी वस्ती

३. वडा नं. ४-गौरी गाउँ, श्रमिक टोल ( फलामे पुल छेउछाउ)

४. वडा नं ५- माझि टोल

५. वडा नं. ७- बज्राहा, शिवपार्वति टोल, मुसरी टोल ( एन.टि.भि कार्यालयको आसपास)

६. वडा नं. ८- भुर्कि

७. वडा नं. ९- मुसरी टोल, डोम टोल

८. वडा नं १०- डोम टोल, वरगाछी

९. वडा नं. ११- नहरटोल ( छोटीपुल आसपास)

१०. वडा नं. १२- नहरटोल

११. वडा नं. १३ को सवैक्षेत्र

१२. वडा नं. १४-साविक इटहरी नगरपालिकाको वडा नं. ९ को सवै क्षेत्र

१३. वडा नं. १५ र वडा नं. १६ का सवै क्षेत्र्

१४. वडा नं. १७ को विषनपुर क्षेत्र

१५. वडा नं. १८ को रहिपुर, डकाहा

१६. वडा नं. १९ को भवानीपुर.

अनुसुची २

(दफा ११ सँग सम्वन्धित)

दरखास्तको ढाँचा

श्री शाखा प्रमुख ज्यू
सहकारी शाखा
इटहरी उपमहानगरपालिका

विषय : वित्तीय अनुदानका लागि प्रस्ताव पशे गरिएको सम्वन्धमा ।

इटहरी उपमहानगरपालिका सहकारी शाखाबाट मिति............मा .......................दैनिकमा प्रकाशित सुचना अनुसार यस संस्थाले इटहरी उपमहानगरपालिका को वित्तीय अनुदान समेतमा ..........................आयोजना सञ्चालन गर्ने गरी मिति.............................को साधारण सभा/सञ्चालक समितिको बैठकले निर्णय गरेकोले सूचनामा तोकिएका कागजात संलग्न राखी अनुसुची ३ बमोजिमको विवरण खुलाई यो दरखास्त पशे गरिएको छ ।

सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका २०७७ का सर्त, बन्देजहरु पालना गर्न यो संस्था मन्जुर छ ।

भवदीय,

..........................

अध्यक्ष

नाम,थर

संस्थाको नाम, ठेगाना

संस्थाको छाप

सम्पर्क नं

अनुसची ३

१. सहकारी संस्थाको नाम :

ठेगाना : इटहरी उपमहानगरपालिका वडा नं..............., ...............टोल

२. दर्ता नम्वर र मिति

३. आयोजनाको नाम :

४. आयोजना स्थल :

जिल्ला : न.पा./गा.वि.स. वडा नं. गाउँ/टोल

४.१ आयोजना स्थल अनुसूची १ बमोजिमको क्षेत्रमा पर्ने नपर्ने

५. आयोजना प्रारम्भ हुने मिति

६. अयोजना सम्पन्न हुने मिति

७. प्रस्तावित अयोजनाको कुल लागत रु................................

७.१ स्थीर पुँजी आवश्यकता रु..................................

क. मेसिनरी उपकरण रु......................

ख. जग्गा रु......................

ग. भवन रु........................

घ. पशुपन्छी खरिद रु.....................

ङ. अन्य (खुलाउने) रु...................

७.२ कार्यशील पुँजी आवश्यकता रु.....................

७.३ कार्यक्रम खर्चको आयोजनाको हकमा कार्यक्रम खर्च रु........................

८. संस्थाले व्यहोर्ने लागत प्रतिशत ...........

९. संस्थाको लागत व्यहोर्ने श्रोतहरु

क. शेयर रकमबाट रु..................

ख. जगेडाकोष बाट रु...............

ग. अन्य श्रोत (खुलाउने) रु.................

१०. नेपाल सरकार/प्रदेश सरकार वा अन्य स्थानिय तहबाट वित्तीय सहयोग प्राप्त गरेको वा प्राप्त गर्न आवेदन दिएको भए खुलाउने ..........................................................................................................................................

११.सदस्य सहभाागिताको अवस्था :

| वर्गिकरण | सहभागिता | | | | | |
|---|---|---|---|---|---|---|
| | साधारण सदस्यमा | | सञ्चालक समितिमा | | अयोजनाबाट प्रत्यक्ष लाभान्वित हुनेमा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| महिला | | | | | | |
| अपाङ्गता भएका व्यक्ति | | | | | | |
| दलित समुदाय | | | | | | |
| पिछडिएका अल्पसंख्यक जनजाति | | | | | | |
| अन्य | | | | | | |
| जम्मा | | | | | | |

१२.संस्थाको व्यवसयिक सेवामा सदस्य केन्द्रीयता :

| विवरण | | हालको अवस्था | | आयेजना सञ्चालन भएपछि हुने अवस्था | |
|---|---|---|---|---|---|
| | | रु हजारमा | प्रतिशत | रु हजारमा | प्रतिशत |
| उत्पादित वस्तुको खरिद | सदस्यको उत्पादन | | | | |
| | गैर सदस्यको उत्पादन | | | | |
| जम्मा | | | | | |
| उत्पादन सामाग्री र उपयोग्य वस्तुको विक्रि | सदस्यलाई | | | | |
| | गैर सदस्यलाई | | | | |
| जम्मा | | | | | |

| स्वरोजगारी | हालको अवस्था | | | | आयोजना सञ्चालन भएपछि हुने अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सदस्य संख्या | गैर सदस्य संख्या | जम्मा | सदस्यको प्रतिशत | सदस्य संख्या | गैर सदस्य संख्या | जम्मा | सदस्यको प्रतिशत |
| प्रत्यक्ष पूर्ण ( वर्षमा २०८० घण्टा काम पाउने १ जना मानी संख्या जनाउने) | | | | | | | | |
| अप्रत्यक्ष | | | | | | | | |
| जम्मा | | | | | | | | |

१३. आयोजना स्थलमा पूर्वाधारको स्थिति

विजुली ☐

सिँचाइ ☐

पक्की सडक ☐

कच्ची सडक ☐

१४.व्यवसायको लागि भवन टहरा, सेड, गोठको स्थिति

आफ्नै स्वामित्वमा निर्माण भएको ☐

आफ्नै स्वामित्वमा निर्माणाधीन ☐

१५.कार्यालयको भौतिक स्थिति :

आफ्नै भवन ☐

भाडाको घर ☐

१६.संस्थागत सुशासनको स्थिति :

| | | |
|---|---|---|
| सञ्चालक समितिको बैठक नियमित | छ ☐ | छैन ☐ |
| बार्षिक साधारण सभा नियमित | छ ☐ | छैन ☐ |
| लेखा परिक्षण नियमित | छ ☐ | छैन ☐ |
| संघमा आवद्ध | छ ☐ | छैन ☐ |
| कार्यसञ्चालन नियमावली | छ ☐ | छैन ☐ |

छ भने कतिवटा छन्   ................बटा

आयोजनाको संभाव्यता अध्ययन छ ☐ छैन ☐
भएको भए व्यवसायको वार्षिक मुनाफा दर .............................
१७. उत्पादित वस्तुको बजार संभावना
अन्तराष्ट्रिय बजारको पहुँच भएको ☐ नभएको ☐
राष्ट्रिय बजारको पहुँच भएको ☐ नभएको ☐
स्थानीय बजारको पहुँच भएको ☐ नभएको ☐
१८.सामुहिक व्यवस्थापनमा सञ्चालन
क) हुने ☐ ख) नहुने ☐
सामुहीक व्यवस्थापनमा सञ्चालन हुने भए के कसरी सञ्चालन गरिने हो, खुलाउने
.......................................................................................................................
१९. प्रविधीमा नवप्रवर्तन ( उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन विधीमा स्थानीय रुपमा गरिएको सकरात्मक परिवर्तन वा स्थानिय रुपमा गरिएको सकरात्मक परिवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधीको सिर्जनात्मक अबलम्वन)
क) हुने ☐ नहुने ☐
ख) हुने भए के कसरी हुने हो, खुलाउने :.................................................................................
.......................................................................................................................
२०. मुल्य श्रृखलामा माथिल्लो क्रियाकलाप
क) हो ☐ होइन ☐
ख) हो भने बेहोरा खुलाउने :
.......................................................................................................................
.......................................................................................................................
२१. बैदेशिक बजारीकरण :

| विवरण | हाल ( पछिल्लो आ.ब.) को अवस्था | | आयोजना सञ्चालन भएपछि हुने अवस्था | |
|---|---|---|---|---|
| | रु | प्रतिशत | रु | प्रतिशत |
| स्वेदशमा विक्रि | | | | |
| विदेशमा विक्रि | | | | |
| जम्मा | | | | |

२२. वातावरणीय सरोकार ( प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदुषणको रोकथाम लगायत पर्ने प्रभाव)
क) सकरात्मक प्रभाव हुन ☐ नहुने ☐
ख) हुने भए के कस्तो हुने हो, खुलाउने?
.......................................................................................................................
२३. अन्य कुनै कुरा भए खुलाउने :
.......................................................................................................................
.......................................................................................................................

अध्यक्षको हस्ताक्षर
........................
नाम,थर
संस्थाको नाम ठेगाना :
संस्थाको छाप
सम्पर्क नं

अनुसुची ४

प्रारम्भिक जाँच सूची

( दफा १२ को उपदफा (२) सँग सम्वन्धित)

| | | |
|---|---|---|
| १. सूचनाको म्याद भित्र दरखास्त दर्ता | भएको | नभएको |
| २. सूचनामा तोकिएको सबै कागजात संलग्न | भएको | नभएको |
| ३. पछिल्लो बार्षिक साधारण सभा समयमै | गरेको | नगरेको |
| ४. पछिल्लो सञ्चालक समितिको निर्वाचन समयमै | गरेको | नगरेको |
| ५. पछिल्लो बार्षिक लेखापरिक्षण समयमै | गरेको | नगरेको |
| ६. यस अघि अनुदान प्राप्त गरेको भए सदुपयोग | गरेको | नगरेको |
| ७. कार्यक्षेत्र भन्दा बाहिर गइ कारोवार सञ्चालन | गरेको | नगरेको |
| ८. कर चुक्ता प्रमाणपत्र | भएको | नभएको |
| ९. दफा ११ को उपदफा (५) बमोजिम सहकारी समितिले तोके बमोजिम | भएको | नभएको |
| १०. लेखा समितिको वार्षिक प्रतिवेदन पेश | भएको | नभएको |

द्रष्टव्य :

..........................................................................................

| | |
|---|---|
| जाँच गर्ने कर्मचारीको | शाखा प्रमुखको |
| नाम, थर : | नाम, थर |
| दस्तखत : | दस्तखत |
| पद : | पद : |
| मिति : | मिति : |

अनुसूची ५
(दफा १३ को उपदफा ३ सँग सम्वन्धित)
(प्रस्ताव मुल्याङ्कनका आधार र अङ्क.)

| सि.नं | आधार | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|
| १ | आयोजनाको सदस्य केन्द्रियता ( उत्पादनमूलक संस्थामा सदस्यबाट खरिद, उपभोक्ता संस्थामा सदस्यलाई विक्रि र रोजगर मुलक संस्थामा सदस्यलाई रोजगारी | | २० |
| १.१ | हालको अवस्था | १० | |
| क) | १०० प्रतिशत | १० | |
| ख) | ७५ वा बढी | ८ | |
| ग) | ५० वा बढी | ६ | |
| घ) | २५ वा बढी | ४ | |
| ङ) | २५ भन्दा कम | २ | |
| १.२ | आयोजनाको प्रक्षेपित अवस्था | १० | |
| क) | १०० प्रतिशत | १० | |
| ख) | ७५ प्रतिशत वा बढी | ८ | |
| ग) | ५० प्रतिशत वा बढी | ६ | |
| घ) | २५ प्रतिशत वा बढी | ४ | |
| ङ) | २५ प्रतिशत भन्दा कम | २ | |
| २ | आयोजनाबाट सिर्जना हुने रोजगारी (प्रतिलाख लगानीमा पूर्ण रोजगारी संख्या) | | १५ |
| क) | ५ जना वा बढी | | |
| ख) | ४ जना | | |
| ग) | ३ जना | | |
| घ) | २ जना | | |
| ङ) | १ जना | | |
| ३. | सिमान्तकृत समूहको सहभागिता | | १५ |
| ३.१ | सदस्यमा सहभागिता | ५ | |
| क) | शतप्रतिशत | ५ | |
| ख) | ५१ प्रतिशत वा बढी | ४ | |
| ग) | ३३ प्रतिशत वा बढी | ३ | |
| घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ) | नभएको | १ | |
| ३.२ | सञ्चालक समितिमा सहभागिता | ५ | |
| क) | शतप्रतिशत | ५ | |
| ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ) | नभएको | १ | |
| ३.३ | आयोजनाको लाभ लिनमा सहभागिता | ५ | |
| क) | शतप्रतिशत | ५ | |
| ख) | ५१ प्रतिशत वा बढी | ४ | |
| ग) | ३३ प्रतिशत वा बढी | ३ | |

| | | | |
|---|---|---|---|
| घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ) | नभएको | १ | |
| ४ | महिला सभागिता | | १५ |
| ४.१ | सदस्यमा सहभागिता | ५ | |
| क) | शतप्रतिशत | ५ | |
| ख) | ५१ प्रतिशत वा बढी | ४ | |
| ग) | ३३ प्रतिशत वा बढी | ३ | |
| घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ) | नभएको | १ | |
| ४.२ | सञ्चालक समितिमा सहभागिता | ५ | |
| क) | शतप्रतिशत | ५ | |
| ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ) | नभएको | १ | |
| ४.३ | आयोजनाको लाभ लिनमा सहभागिता | ५ | |
| क) | शतप्रतिशत | ५ | |
| ख) | ५१ प्रतिशत वा बढी | ४ | |
| ग) | ३३ प्रतिशत वा बढी | ३ | |
| घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ) | नभएको | १ | |
| ५ | भौगोलिक अवस्था | | १० |
| क | अनुसुची १ मा उल्लेखित ग्रामिण क्षेत्र | १० | |
| ख) | अन्य क्षेत्र | ६ | |
| ६ | सिर्जनात्मकतता | | २५ |
| क) | सामुहिक व्यवस्थापनमा सञ्चालन | ५ | |
| ख) | भैरहेको प्रविधीमा नवप्रवर्द्धन | ५ | |
| ग) | मुल्य श्रृखंलामा माथिल्लो क्रियाकलाप | ५ | |
| घ) | वातावरणीय सरोकारको सम्वोधन | ५ | |
| ङ) | उत्पादनको बैदेशिक बजारीकरण | ५ | |

द्रष्टव्य :

१. पूर्ण रोजगारी भन्नाले बर्षमा २०८० घण्टाको काम सम्झनु पर्छ।

२. बैदेशिक बजारीकरण भन्नाले उत्पादनको ५ प्रतिशत भन्दा विदेश निर्णतलाई सम्झनु पर्दछ।

३. वातावरणीय सरोकार भन्नाले प्राकृतिक श्रोत जगेर्ना,जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदुषणको रोकथाम लगायतमा पर्ने प्रभाव सम्झनु पर्छ।

४. नवप्रर्वतन भन्नाले उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन विधीमा स्थानिय रुपमा गरिएको सकारात्मक परिवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्बन सम्झनु पर्छ।

अनुसुची ६

(सम्झौता पत्र)

आज मिति ................ गते ........................ दिन इटहरी उपमहानगरपालिका , नगर कार्यपालिकाको कार्यालय, सहकारी शाखा,इटहरी , सुनसरी (यसपछि पहिलो पक्ष भनिएको र जिल्ला ............. इटहरी उपमहानगरपालिका. वडा नं.........स्थित .................सहकारी संस्था लि., इटहरी .......... (यसपछि दोश्रो पक्ष भनिएको) विच देहायका ......... बुंदे शर्तहरुको अधिनमा रहने गरी .............कार्यक्रम/आयोजना अनुदान लिने दिने सम्बन्धमा द्विपक्षीय सम्झौता गरी सो को १/१ प्रति लियौं दियौं ।

१.) आयोजना/कार्यक्रमको कुल लागतको .......प्रतिशतले हुने रकम रु....................प्रथम पक्षले अनुदान स्वरुप उपलव्ध गारउने छ भने बाँकी ..........प्रतिशतले हुन आउने रकम रु.................दोस्रो पक्षले व्यहोर्नुपर्नेछ ।

२) प्रथम पक्षले यो कार्यविधीको अधिनमा रही किस्तावन्दि रुपमा अनुदान रकम उपलव्ध गराउने छ ।

३) प्रथम पक्षले जुनसुकै बखत आयोजना/कार्यक्रमको अनुगमन गर्न सक्नेछ र अनुगमनको क्रममा प्रथम पक्षले मागेका सम्पूर्ण कागजात तथा जानकारीहरु उपलव्ध गराउनु दोस्रो पक्षको कर्तव्य हुनेछ ।

४) यो कार्याविधीको अधिनमा रही दोस्रो पक्षले कार्यक्रम/आयोजना सञ्चालन गरेको नपाइएमा कुनैपनी वखत अनुदानको रकम रोक्का गर्न सकिने छ र सो भन्दा अघि दिइसकेको अनुदान समेत सरकारी वाँकी सरह असुल उपर गर्न सक्नेछ ।

५) अन्य शर्तहरु कार्यविधीले तोके बमोजिम हुनेछ ।

| पहिलो पक्षको तर्फबाट :- | दोश्रो पक्षको तर्फबाट :- | साक्षी :- |
|---|---|---|
| सही :- | सही :- | सही :- |
| नाम :- | नाम :- | नाम :- |
| मिति :- | मिति :- | |
| कार्यालयको छाप :- | | |